## २. मूल्य अभिवृद्धि कर (VAT)

## १. सामान्य जानकारी

### १. VAT भनेको के हो ?

*मूल्य अभिबृद्धि कर वस्तु र सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर हो । करयोग्य वस्तु तथा सेवाको उत्पादन, पैठारी तथा वितरणका विभिन्न तह र चरणहरूमा हुने मूल्य अभिबृद्धिको तहमा लाग्ने कर भएकाले नै यसलाई मूल्य अभिबृद्धि कर भनिएको हो ।*

### २. VAT को गणना कसरी गरिन्छ ?

*उत्तरः* <u>करको दर १३ प्रतिशत</u>

| तह/चरण | बिक्री मूल्य (क) | बिक्रीमा संकलन गरिने कर (Output tax) (ख) | खरिद/पैठारी मूल्य (ग) | खरिद/पैठारीमा तिरेको कर (Input tax) (घ) | मूल्य अभिबृद्धि कर दायित्व (Output Tax – Input Tax ) (ख–घ) |
|---|---|---|---|---|---|
| उत्पादक | रु २००।- | रु २६।- | रु ०। ०० | रु ०।०० | रु २६।- |
| थोक बिक्रेता | रु ३००।- | रु ३९।- | रु २००।- | रु २६।- | रु १३।- |
| खुद्रा बिक्रेता | रु ४००।- | रु ५२।- | रु ३००।- | रु ३९।- | रु १३। - |
| | उपभोक्ताले तिर्नु पर्ने / सरकारले प्राप्त गर्ने मू.अ. कर | | | | रु ५२।- |

### ३. नेपालमा VAT कहिले देखि लागू भएको हो ?

*वि.सं.२०५४ मंसीर १ गते ।*

### ४. नेपालमा VAT किन लगाइएको हो ?

- *करको दायरा वढाएर राजस्व संकलनमा बृद्धि गर्न ।*
- *करको आधार विस्तार गरी करका दरहरू घटाउन ।*
- *बस्तु र सेवामा लगाईएका विभिन्न करहरूलाई खारेज गरी मू.अ.करलाई राजस्वको प्रमुख आधारको रुपमा स्थापित गर्न ।*
- *स्वयंकर निर्धारण प्रणालीलाई प्रोत्साहन गर्न ।*
- *करदाताको कारोवार स्थापित गर्न ।*
- *प्रशासनिक जटिलता कम गर्न ।*
- *कानूनी प्रकृयालाई सरल र पारदर्शी बनाउन ।*
- *करको हिस्सामा अप्रत्यक्ष करको योगदान बढाउदै लैजान ।*

**५. VAT को दर कति हो ?**

१३ प्रतिशत ।

**६.के VAT ले वस्तु तथा सेवाको मूल्य वृद्धि गर्दछ ?**

*गर्दैन । यो उपभोक्ताले वस्तु र सेवा उपभोग गरे वापत भुक्तानी गर्नुपर्ने कर हो ।तसर्थ सिधा अर्थमा मूल्य वृद्धि गरेको देखिएतापनि वस्तु र सेवाको मूल्य अभिवृद्धिमा मात्र कर लाग्ने हुँदा मूल्य वृद्धि हुँदैन ।*

**७. नेपालमा VAT को प्रशासन कुन कार्यालयले गर्छ ?**

*आन्तरिक राजस्व विभाग र सो अन्तर्गतका कार्यालयहरू ।*

**८. VAT दर्ता गर्दा के फाइदा हुन्छ ?**

- *कानूनको परिपालना ।*
- *करकट्टी पाईने कारणले अन्यसँग प्रतिस्पर्धा गर्न सकिन्छ ।*
- *सरकारी कार्यालयसँग कारोवार गर्न पाईने हुँदा व्यवसाय विस्तार हुन्छ ।*